परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३३८ •२०७९ साल माघ २९ आइतबार •(12 February - 2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## ‘दाइजोको ऋण तिरेरै बित्ने भो जिन्दगी!’



**रोहित महतो, जनकपुरधाम ।**

म उनको आँगनमा पुग्दा राति सुत्न ओछ्याउने पराल घाममा सुकाउँदै थिइन् बेचनी सदा। उनलाई अचेल रातभर निद्रा पर्दैन। पुसभरि जाडोले निद्रा परेन। माघ लागेपछि छोरीको बिहेको चिन्ताले पिरोलेको छ। दुई छोरीको बिहेमा भएको खर्चले थपिएको ऋणको भारी अझै बाँकी छ। फेरि अर्की छोरीको बिहे गर्नु छ। ऋणको भारी अझै गह्रौं हुनेवाला छ।

बेचनी धनुषाको नगराइन नगर पालिका-२, जटहीस्थित मुसहरी टोलकी बासिन्दा हुन्। उनका श्रीमान शुकदेव सदा मजदुरी गर्छन्। जीवन गुजारा रोजगारी मजदुरी नै हो। सदा दम्पतीका छ जना छोरी छन्। दुई जनाको बिहे भयो, चार जना बाँकी छन्। ‘दाइजो नदिई छोरीको बिहे हुँदैन। माइली छोरीको बिहे गर्दा सयकडा पाँच रुपैयाँले लिएको साढे तीन लाख कर्जा छ। महाजनले छिटो तिर भन्छन्,’ बेचनी भन्छिन्, ‘साहिँलीको पनि बिहे गर्ने उमेर भइसक्यो। पेट पाल्ने कि, बिहेबारी गर्ने कि, कर्जा तिर्ने; न निद्रा आउँछ, न खाना रुच्छ।’ २०७७ सालमा माइली छोरीको बिहे गर्दा डेढ लाख रुपैयाँ खर्च भयो। त्यसअघि २०७६ साल फागुनमा जेठी छोरीको बिहेको दिन थियो। अन्तिम तयारी पूरा भएको थियो। जन्ती र निम्तारुहरूका लागि भोजको परिकार धमाधम तयार हुँदै थियो। जन्तीको प्रतीक्षा हुन थालेको थियो। बेहुला थिए धनुषाधाम नगर पालिका, भुतही पर्टेवाका सुशील सदा। अचनाक बेहुलाका पक्षबाट फोन आयो। सन्देश थियो- बिहेमा मोटरसाइकल दिनुपर्छ र आजै दिनुपर्छ। बेहुलीका बाबुले मोटरसाइकल ल्याउन समय लाग्ने भएकाले भोलि दिने बाचा गर्दै आज बिहेका लागि आउन आग्रह गरे।

*–बाँकी पृष्ठ २ मा*




## गिटी-बालुवा निकासी करको विवादमा रौतहटमा झडप, ४ जना घाइते



**टक नेपाल, रौतहट ।**

रौतहटको बृन्दावन नगरपालिकास्थित वाग्मती नदीको रमौली र बिश्रामपुर खोलाबाट निकालिने गिटी, बालुवा करको विषयलाई लिएर शनिबार दुई पक्षबीच झडप भएको छ । झडपमा दुई पक्षका चार जना समान्य घाइते भएका छन् । स्थिति नियन्त्रणमा लिन ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ । नगरप्रमुख विनोद पटेलले मनपरी गरेको भन्दै विरोधमा स्थानीयले कर उठाउन बनाइएको झुपडी घरसमेत भत्काई आगजनी गरिदिएका छन् । नदीबाट निकासी हुने वस्तुको कर उठाउने विषयमा शनिबार अपराह्न दुबै पक्षबीच झडप भएको जिल्ला प्रहरी प्रमुख वीरबहादुर बुढामगरले बताए । ‘झडपमा केही घाइते भएको भन्ने सुन्नमा आएको छ,’ उनले भने, ‘त्यसतर्फ सुरक्षाकर्मी परिचालन भइसकेको छ । अहिले अवस्था सामान्यजस्तै छ ।’ घटनापछि नगरप्रमुख पटेलका समर्थकहरु गौर-चन्द्रनिगाहपुर खण्डमा जम्मा भएका छन्। वाग्मती नदीको दुबै घाटबाट अमानतमा गिटी, बालुवा निकासी हुँदै आएपछि स्थानीयले विरोध जनाएको थियो । यहीबीच शुक्रबार नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टीका स्थानीय नेता बसेर तत्काल अमानतमा निकासीको रसिद काट्न नदिन नगरप्रमुख विनोद पटेललाई अनुरोध गरेका थिए । नगरप्रमुख पटेलले तत्काल अमानतमा कर नउठाउने आश्वासन दिए पनि उनका आफन्तहरु मिलेर शनिबार घाटमा रसिद काट्न थाले पछि झडप भएको हो । ठूलो संख्यामा स्थानीय नदिमै पुगेर रोक्न खोजे पछि झडप भएको एमाले नेता प्रेमशंकर यादवले बताए । ‘हामीले अमानतमा कर उठाउँदा अनियमितता भएको भन्दै नगरप्रमुख पटेललाई तत्काल रोक्न भनेका थियौं । उहाँले हुन्छ भनेर आश्वासन दिनुभयो,’ उनले भने, ‘बोली र व्यवहारमा फरक देखाउँदै आफ्ना मान्छे लगाएर अमानतमै कर उठाउन थालेपछि स्थानीयले प्रतिकार गरेका हुन् । अमानतमा उठाइएको रकम समेत दाखिला भएको छ/छैन भन्ने कसैलाई थाहा छैन् ।’ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमबहादुर भुजेलकै मिले मतोमा अमानतमा निकासीको कर काट्ने काम भइरहेको भन्दै उनलाई कारबाहीको माग अघि सारेका छन् । बृन्दवन नगरपालिकाले तीन महिनाअघि दुबै नदीबाट गिटिजन्य वस्तु निकासीका लागि ३ करोडमाथि मूल्य राखेर ठेक्का आह्वान गरेको थियो । तर, मूल्य बढी भएको भन्दै कसैले पनि सकार गरेनन् । त्यसपछि नगरप्रमुख पटेलले आफ्ना मानिस लगाएर अमानतमा कर उठाउन खटाएका हुन् ।



# दाइजोको ऋण तिरेरै........................

उताबाट जवाफ आयो- आजै चाहिन्छ, नदिने भए बिहे हुँदैन। बेहुली पक्षले मोटरसाइकल भोलि घरम पुऱ्याइदिने वाचा गर्दै बिहे नटुटाउन बिन्ती गऱ्यो। अँ हँ, बेहुला पक्षले सुन्दै सुनेन। त्यसपछि फोन सम्पर्क टुट्यो। रात पऱ्यो। बरियात आएन। राति दुई बजेतिर बेहुलासँग फोन सम्पर्क भयो। उनले मोटरसाइकल नपाउने भएपछि नआएको भन्ने जवाफ दिए। 'इन्डियाबाट मान्छे बोलाएर पण्डाल सजाएका थियौं। स्वयंबर गर्न मञ्च र मडवा तयार थियो। आफन्त र गाउँले सबै नाचगान गर्दै थियौं। छोरी पनि सजिएर बसेकी थिई, त्यो दिन स्मरण गर्दै बेचनीले भनिन्, 'भोज तयार थियो। बिहेका दिन नै मोटरसाइकल चाहिन्छ भने, हामीले तुरून्तै किन्न सकेनौँ। त्यही निहुँमा बेहुला आएनन्।' छोरीको बिहे रोकियो। सदा दम्पतीले अर्को केटा खोजेर छोरीको बिहे गरे। त्यसबेला आइपरेको भुक्तमानबारे बैचेनीले भनिन्, 'हतारहतार केटा खोजेर छोरीको बिहे गऱ्यौं। सबै गरेर साढे तीन लाख रुपैयाँ खर्च भयो।' पहिला तय भएको बिहे टुटेपछि समाज बस्यो। अगुवाहरूको छलफलले केटा पक्षलाई बिहेका लागि भएको खर्च र बिहे टुटाए बापत जरिवाना तिराउने निर्णय गऱ्यो। सदा दम्पतीले थोरै राहत हुने ठाने तर केटा पक्षले पैसा तिरेन। सदा दम्पतीकी जेठी छोरी मायाले भनिन्, 'पत्रकार, हाकिम र धेरैजनाले पैसा दिलाइदिन्छौं भने। हामी काठमाडौंसम्म पनि धायौं तर केही पाएनौं।' यो मुसहर टोलमा ७० घर परिवार बसोबास गर्छन्। अधिकांश घर फुसका र बढीमा तीन कोठासम्मका छन्। घरले ओगटेको बाहेक जग्गा छैन। कतिपय परिवारमा १० जनासम्म जहान छन्। ती सबै त्यही एउटा घरमा गुजारा गर्छन्। पारिवारिक अवस्था जेजस्तो भए पनि बेहुला पक्षले मागेको दाइजो नदिए छोरीको बिहे हुँदैन। टोलकी बासिन्दा सुनैना सदाले भनिन्, 'सासूससुरा, आमाबाबु, छोराछोरी, देवरदेवरानी सबै यिनै दुईटा कोठामा अटाएर बसेका छौं। ऋण लागेको छ। जग्गा किनेर घर बनाउने पैसा छैन।' एक वर्षअघि छोरीको एउटी छोरीको बिहेमा डेढ लाख रुपैयाँ खर्च भएको सुनैनाले बताइन्। अर्की छोरीको बिहे गर्ने तयारी हुँदैछ। देशको कानूनअनुसार हेर्दा बिह गर्ने उमेर भएको छैन। किन छिटै बिहे गरि दिन लाग्नुभएको त? सुनैनाले भनिन्, 'आजकालका छोरीहरू १५-१६ वर्ष नपुग्दै बहकिन्छन्। हाम्रोमा कमै उमेरमा बिहे गरिदिने चलन छ।' जेठी छोरीको बिहेमा साहुसँग लिएको कर्जा तिर्न बाँकी रहेको र ब्याजले ऋण बढ्दै गएको उनले बताइन्। उनले भनिन्, 'जेठीछोरीको बिहेकै कर्जा तिरिसकेको छैन, माहिलीको बिहे गर्न खोज्दैछौं।' स्थानीयवासीहरूका अनुसार यो मुसहरी टोलमा दाइजो माग्ने चलन भित्रिएको धेरै भएको छैन, २० वर्ष जति भयो होला। त्यसअघि बहुलीका आमाबाबुले आफ्नो क्षमताअनुसार केही फर्निचर र घरायसी प्रयोगका केही सामान दिँदा हुन्थ्यो। कसैकसैले बेहुलालाई एउटा साइकल पनि दिन्थे।करिब २० वर्षयता केटा पक्षले तोकेरै दाइजो माग्न थालेको छ। मागेजति नदिए छोरीको बिहे नहुने भय बढेको छ। मुसहरी टोलका छोरीको बिहेमा दाइजोमा मोटरसाइकल दिनु अनिवार्यझैँ भएको छ। मुसहरी टोलकै बासिन्दा उर्मिला सदा भन्छिन्, 'अहिले त केटाले मोटरसाइकल नदिए बिहे नै गर्दिनँ भन्छ। नगद पनि माग्छ, कम्तीमा एक लाख रुपैयाँ दिनुपर्छ भन्छ।' उनले केटापक्षले मागेको दाइजो दिन नसक्दा आफ्नी छोरीको बिहे हुन नसकेको बताइन्। 'अहिले नै टाउकामा कर्जा छ, बिहेमा दाइजो दिने पैसा कहाँबाट जुटाउनु! यो जुनीमा कर्जा तिरेरै नसक्ने भइयो,' उनले भनिन्, 'दाइजो दिन नपर्ने कानून चाहियो, नभए हामी मर्ने भयौँ।' मुसहरी टोलका बासिन्दाहरूका अनुसा उनीहरूको समुदायमा दाइजो अन्तबाट सरेर आएको हो। अहिले त डढेलो जसरी फैलिएको छ। कम्तीमा ७० घरपरिवार रहेका मुसहरी टोलमा कुनै पनि छोरीले आठ कक्षा भन्दा माथि पढेका छैनन्। साह्रै थोरैले आठ कक्षा उत्तीर्ण गरेका छन्। धेरै छोरीको त यसपछि बिहे हुन्छ। बिहे नभएकाले पनि पढाइ छोड्छन्। मधेसमा मुसहर समुदाय सामाजिक र आर्थिक रुपमा पिछडिएका समुदायहरूमध्ये पर्छ। धेरै जसोले पढ्न पाएका छैनन्। रोजगारीका नाममा मजदुरीबाहेक अर्को केही छैन। पूर्ववडासदस्य कासोदेवी सदाका अनुसार जसोतसो गुजारा चलाइरहेका मुसहर समुदाय दाइजोको भारीले थिचिएको छ। 'अचेल केटालाई फलदानमै सुनचाँदी दिनुपरेको छ। स्वयंवरमा पनि सुन दिनुपर्छ,' उनी भन्छिन्, 'दाइजोमा गर गहना, मोटरसाइकल र नगद दिनु मुसहर समुदायको बाहिरको कुरा हो तैपनि छोरीको बिहे त गर्नु छ।' यस्तो विसंगत सामाजिक अवस्थाप्रति अहिलेसम्म कसैको ध्यान नगएको कासोदेवीको गुनासो छ। 'चुनावका बेला नेता र हाम्रा जातका अगुवाहरूसामु दाइजोको समस्या सुनाएका थियौँ। त्यति बेला सबैले केही न केही गर्छौं भने। अहिले कोही केही बोल्दैन,' उनले भनिन्, 'छोरीको बिहेमा हुने खर्चको कर्जा तिर्दातिर्दै जीवन सकिन्छ।' उनले आफ्नी नातिनीको बिहे गर्ने बेला भएको तर दाइजो जुटाउने पैसा नभएको बताइन्। उनले प्रश्न गरिन्, 'सुत्ने घर छैन, ओढ्ने लुगा छैन, दाइजो कहाँबाट दिने?' उनका अनुसार गाउँका साहुले सयकडा मासिक पाँच रुपैयाँ व्याजमा कर्जा दिन्छन्। यो व्याज ६० प्रतिशत हो। मागेको दाइजो नपाउँदा छोरीलाई ससुराल (बिहे गरेर गएको घर) मा हिंसा सहनु परेको छ। नेपालमा दाइजो लेनदेन गर्नु फौजदारी कसुर मानिएको छ। मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १७४ को २(१) मा 'विवाहमा लेनदेन गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुबै हुनसक्ने' प्रावधान छ। दाइजोका घटना धेरै भए पनि उजुरी नगन्य रहेको उच्च अदालत जनकपुर की अधिवक्ता रिंकु यादवको भनाइ छ। 'पहिले पनि दाइजो लेनदेन हुन्थ्यो तर बाहिर आउँदैनथ्यो। दाइजोका कारणले महिलाको हत्या हुन थालेपछि यसविरूद्ध आवाज उठ्न थाल्यो,' उनले भनिन्, 'जाहेरी पनि आउन थालेको छ तर प्रहरी र अदालतले प्रमाण खोज्छ। प्रमाण पुग्दैन र केस दर्ता हुँदैन।' पेसाअनुसार दाइजोको दर समाजले तोकिदिएको उनको भनाइ छ । 'केटा डाक्टर छ भने ६० लाख, इन्जिनियर छ भने ३५ लाख अर्थात् पेशा र आर्थिक हैसियतको आधारमा दाइजोको रेट तोकिएको छ। समाजमा दाइजोलाई प्रतिष्ठासँग जोडिन्छ,' रिंकु भन्छिन्, 'नियन्त्रणका लागि जनचेतना फैलाउनैपर्छ। दाइजो लिनु हुँदैन भन्ने महसुस गर्न जरूरी छ। बुहारीलाई पनि छोरीसरह परिवारले स्वीकार गरेमा दाइजो केही हदसम्म घट्न सक्छ।'

*–सोतोपाटी*

# महाशिवरात्रि नजिकिएसँगै शिवालय सिँगारिँदै

**टक नेपाल, महोत्तरी ।**

महाशिवरात्रि नजिकिएपछि महोत्तरी जिल्लाको विभिन्न ठाउँमा रहेका शिवालयहरू सिँगारिन सुरु भएको छ । जिल्लामा प्राचीन, प्रसिद्ध तथा पुरातात्त्विक महत्व राख्ने जलेश्वरनाथ, टुटेश्वरनाथ, मङ्गलनाथ, सिद्धनाथसहितका शिवालयमा महाशिवरात्रिमा दर्शनार्थीको सहज दर्शनको व्यवस्थापनका साथसाथै मन्दिरहरूको रङरोगन सुरु भएको छ । जलेश्वरनाथ महादेव मन्दिरमा यसै सप्ताह गठन भएको महाशिवरात्रि मेला महोत्सवका अध्यक्ष रमनकुमार चौधरीले जलेश्वरनाथ महादेव मन्दिर को रङरोगन सुरु गरिसकिएको जानकारी गराउनुभयो। दर्शनार्थीलाई सहज दर्शनका लागि व्यवस्थापन गर्ने काम भइरहेको बताउनुभयो। उहाँले यो वर्ष लाइन लागेको बढीमा दुई घण्टामा दर्शन गराउने तयारी रहेको उल्लेख गर्नुभयो। राजा जनकको राजधानी जनकपुरको दक्षिणीद्वारका रूपमा रहेको जलेश्वर नाथ स्वयं भगवान् रुद्रबाट स्थापना भएको पुराणहरूमा उल्लेख छ । पुराणहरूमा सीताको रक्षाकवचको रूपमा स्वयं महादेवले पहरेदारी दिने भएकाले जनकपुरको पूर्वोत्तर कुनामा कपिलेश्वरनाथ, उत्तरमा क्षिरेश्वरनाथ, दक्षिणपूर्वमा कल्याणेश्वर र पश्चिमदक्षिण कुनामा जलेश्वरनाथ



महादेव प्रतिष्ठित भएको उल्लेख छ । यी महादेवको दर्शन गर्नाले चार देवस्थलको पुण्य मिल्ने विश्वास रहेकाले पनि यहाँ दर्शनार्थीको भीड लाग्ने गरेको छ । जलेश्वरनाथमा लागेको महाशिवरात्रि मेलालाई व्यवस्थित बनाउन जलेश्वरनाथ मेला समितिले निःशुल्क स्वास्थ्य शिविर, खानेपानी र शान्ति सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना परिचालन गरिदिन आग्रह गरेको छ । यसवर्ष महाशिवरात्रि पर्व फागुन ६ गते शनिबार परेको छ । जिल्लाको सोनमा गाउँपालिकामा रहेको मङ्गलनाथ महादेव मन्दिरमा समेत शिवलिङ्ग छोपिने गरी गुफामा जल भरिएकोले त्यहाँ पनि दर्शनार्थीलाई सहज दर्शनका लागि व्यवस्थापन भइरहेको स्थानीय युवा धर्मेन्द्रकुमार यादवले जानकारी दिनुभयो। उहाँले महोत्तरीको पश्चिमवर्ती क्षेत्रमा ख्यातिप्राप्त यो महादेवको दर्शन गर्नाले पुण्यको प्राप्ति हुने जनविश्वासले दर्शनार्थीको भीड द खिने गरेको बताउनुभयो। बर्दिबास नगरपालिका-५ मा पर्ने टुटेश्वरनाथ महादेव आदिकालमा महात्माहरूले स्वप्न वर्णनबाट पत्ता लगाएको मान्यता छ। प्राचीन शिवलिङ्ग भएकाले पनि यो धार्मिक स्थलमा दर्शनार्थीको भीड हुने गरेको छ ।

# सर्लाहीमा अतिक्रमण हटाउने उद्देश्यले नेपाल–भारत सीमा नाकामा अनुगमन

**टक नेपाल, महोत्तरी ।**

सर्लाहीमा सीमा अनुगमन तीव्र पारिएको छ । अतिक्रमण हटाउने उद्देश्यले नेपाल-भारत सीमा नाकामा अनुगमन थालिएको हो। प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको नेतृत्वमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखलगायतको टोलीले सीमा क्षेत्रको अनुगमन गरेको हो। अनुगमन टोलीमा प्रजिअ यादव, प्रहरी उपरीक्षक नरेशराज सुवेदी, सशस्त्र प्रहरी बलका उपरीक्षक तुलबहादुर भण्डारी, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक सन्तोष ढुङ्गेललगायत रहेका थिए। सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद अधिकारीका



अनुसार पूर्वी नाका पर्सा गाउँपालिकास्थित सङ्ग्रामपुरदेखि खुटौनासम्म सीमा क्षेत्रको अनुगमन गरिएको हो। खुटौनाबाट पश्चिम मधुवनी, छतौना, बारा उद्योरण, बलरालगायत नाकाको अनुगमन गर्न बाँकी छ। 'नेपाल-भारत सीमामा रहेका ठूला तथा साना पिल्लरको अवस्था बुझ्न तथा सीमामा भएका अतिक्रमण हटाउन अनुगमन गर्न थालेका हौँ', उनले भने। दशगजा क्षेत्रमा कुनै प्रकारको संरचना बनाउन नपाइने भए पनि जिल्लासित जोडिएको ५१ किलोमिटर खुला सिमानामा ठाउँ ठाउँमा बस्ती बस्नुका साथै पसल राखेर व्यापार व्यवसाय गर्ने गरिएको पाइएको छ ।

## ☎ आवश्यक टेलिफोन नम्बरहरु ☎

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ। | तुला | रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। |
| बृष | ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउन सक्छन्। | वृश्चिक | अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। |
| मिथुन | गोप्यता बाहिरिनाले समस्या आउला। | धनु | भौतिक साधन जुट्नाले प्रसन्नता मिल्नेछ। |
| कर्कट | बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ। | मकर | विभिन्न अवसर प्राप्त भए पनि अरूका लागि बुद्धि र समय खर्चनुपर्ला। |
| सिंह | अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला। | कुम्भ | परिस्थितिवश चिताएको काम रोकिन सक्छ। |
| कन्या | सानो कमजोरीले विवाद निम्त्याउन सक्छ। आलो चकहरूले दुःख दिनेछन्। | मीन | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# असामाजिक बन्दै सामाजिक सञ्जाल

सामाजिक सञ्जाल आम नागरिकको अभिव्यक्तिको अधिकारको सदुपयोगका लागि अपूर्व र चामत्कारिक सिर्जना हो। विज्ञानको यस उपलव्धिले क्रान्तिकारी भूमिका खेलेको छ। त्यसो त मनोरन्जन र सूचना प्रवाहका लागि विकसित देशका सञ्चार वैज्ञानिकहरुले सुरुमा एपका रुपमा फेसबुक, ट्वीटर, टिकटक, इन्ट्राग्राम आदि तयार पारेका हुन् । जुन उद्देश्यले ती एपहरु बनेका थिए, त्यसको विपरीत प्रयोगमा आएको देखेर यसका सर्जकहरु आफै दंग भएको हुनुपर्छ। यस्ता सामाजिक सञ्जाल एपहरु सही ढंगले प्रयोग नभएको र विकृति फैलाउन सघाएको गुनासो आज नेपालमा मात्र होइन, विश्वव्यापी समस्याका रुपमा फैलिएको छ। यस्ता एपका प्रयोगकर्ताहरुले यसको सदुपयोग गरेका छन् कि दुरुपयोग अहिले बहसको विषय बनेको छ। विकसित देशमा भन्दा अविकसित देशहरुमा यसको प्रयोगले ल्याएको सामाजिक विचलनले त्यस्ता मुलुकको समाज कता जाँदैछ, यस विषयमा अध्ययन शुरु भएको पाइन्छ। अधिकांश सामाजिक सञ्जालको प्रयोगको अवस्थालाई हेर्नेहो भने अत्यासलाग्दो अवस्था छ। नेपालको सन्दर्भमा हेर्दा यसले समाज, परिवार र मुलुकमा नै असहिष्णुताको विष फैल्याउनथालेको पाइन्छ । सामाजिक सञ्जालले कतिपयको घर उजाड पारेका छन् भने समाज विखण्डनतर्फ उन्मुख हुँदैगएको छ । नेपालको सामाजिक परिवेशमा ती सञ्जालको प्रयोग कसरी भइरहेको छ भन्ने विषयमा कुनै निकायले खोजीनीति गरेको पाइँदैन। यसले नेपाली समाजलाई छाडातन्त्रतर्फ उन्मुख गराउँदै लगेको देखिन्छ। यसको सदुपयोगभन्दा दुरुपयोग बढी भएको पो हो कि जस्तो लाग्छ। तर, यस विषयमा राज्यका संयन्त्रहरु मुकदर्शक बन्नेगरेका छन् । सामाजिक सञ्जालमा प्रयोग भएको शब्द त्यस्ता सञ्जालमा प्रविष्ट गरिएको सन्देशलाई हर्नेहो भने परिवारसँगै बसेर हेर्नसक्ने अवस्था पनि छैन। सामाजिक सञ्जालमा त्यस प्रकारका सन्देशहरु प्रविष्ट गर्नेहरुले मैले एउटा गल्ती गर्दा समाजमा त्यसको असर कस्तो पर्छ र समाजले हेर्ने दृष्टिकोण कस्तो हुन्छ भन्ने विषयमा सोचेको पाइँदैन । विश्वका विकसित मुलुकहरुले सामाजिक सञ्जालको दुरुपयोग हुनथाले पछि त्यसको नियमन गर्दै जनतालाई सचेत गराएको भएपनि नेपाल लगायतका अविकसित मुलुकमा भने सञ्जालको प्रयोगलाई नियमन गरेको पाइँदैन। आज कुनै मानिसलाई कसैसित रिस उठ्यो भने रिस पोख्ने भाँडो नै सामाजिक सञ्जाल भएको पाइन्छ । सामाजिक सञ्जालमा देखिएको छाडातन्त्रलाई समयमा नै नियमन नगर्ने हो भने नेपाली समाजले ठूलो दुर्गति भोग्नुपर्ने अवस्था सिर्जना हुने विज्ञहरुको धारणाप्रति सरकारको ध्यान जानु आवश्यक देखिन्छ। सामाजिक सञ्जालको प्रयोगमा आएको उछृंखलतालाई नरोक्ने हो भने यसमा समाजमा पार्ने असर र त्यसले उत्पन्न गर्ने विकृतिले मुलुकलाई कता लैजाला यो अनुमान लगाउन सकिन्न । सबै कुरा बिग्रिएपछि पछुताउनुभन्दा अघि नै यस्ता खालका विकृतिलाई रोक्न राज्य निर्मम बन्नैपर्दछ। मिलेर बसेको नेपाली समाजलाई खलल पार्ने अधिकार कुनै पनि व्यक्ति वा समूहलाई छैन। अश्लील शब्दको भरमार प्रयोग, बालबालिका र महिलालाई यौन-वस्तुका रुपमा सम्प्रेषण, आधारहीन मानर्दन र आक्रोश नेपाली सभ्य समाजका लागि कसरी पाच्य हुनसक्छ ? यसको अर्थ आम नागरिकको अभिव्यक्तिको यस साधनलाई रोक्नुपर्छ भन्ने होइन, त्यसो गर्नुहुन्न, तर नियमन भने गर्नैपर्दछ ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

# वन्यजन्तु खेती खाइदिएपछि महोत्तरीका किसान हैरान

**टक नेपाल, महोत्तरी।**

'न खेतबारीको बाली भन्न पाइन्छ, न घरको मकैको थाक्रो', बँदेल, दुम्सी, निलगाई र बाँदर सताएपछि वीरक्तिँदै महोत्तरी बर्दिबास-५ की राधा उपाध्याय भन्छिन्, 'यो बालीनाली यिनलाई नै लगाइदिएजस्तै भयो ।' खेतबारीको बालीनाली खाएर नपुगेर बाँदरले घर आँगनका थाक्रामा झुत्याएर राखिएको मकै पनि उधिनेर दिक्क बनाएको ६५ वर्षीया राधाको बिलौना छ । खेतबारीमा बाँदर, निलगाई र बँदेलले तथा घरआँगनमा बाँदरले दुःख दिएर बालीनाली नोक्सान पारेका बर्दिबास नगरपालिकाका वन क्षेत्र नजिकका किसान बताउँछन् । दिनदिनैजसो वन्यजन्तुले बालीनाली सखाप पार्न थालेपछि महोत्तरीका किसानको हैरानी बढेको छ । वन्यजन्तुले बस्ती/बस्ती पसेर बालीनाली नोक्सान पारेपछि सर्वसाधारणको हैरानी बढेको हो । वनक्षेत्र नजिकका बस्तीमा निकै दुःख दिने बाँदर भने जिल्लाका तल्लो भेगका बस्तीमा देखिँदैनन् तर नीलगाई र बँदेलचैं हुलमै पूर्वपश्चिम राजमार्गको वारिपारि वन क्षेत्रबाट सरदर ४० किलोमिटर दूरी छिचोल्दै भारतसँगको सीमा क्षेत्रका बस्तीसम्म पुगेका छन् । बाँदर र दुम्सीले भने वन क्षेत्र नजिकका बस्तीमा सताउने गरेका छन् ।

राधाजस्तै पूर्वपश्चिम राजमार्गबाट करिब पाँच किलोमिटर दक्षिणको बर्दिबास-७ मनहरिपुरकी ७० वर्षीया इन्द्रमायाँ पौडेल पनि वन्यजन्तुले हैरान खेलाएको बताउँछन् । 'यता बाँदर त लाग्दैनन्, तर नीलगाई र बँदेलले खेतबारीको बाली नोक्सान पारेर धुरुक्क रुवाए', पौडेलले भने । खासगरी कोवी, बन्दा, केराउजस्ता तरकारी बाली र अहिले लहलहाउँदै गरेको गहुँ नीलगाई र बँदेलले नोक्सान गर्ने गरेका पौडेलको भनाइ छ। आफ्नो बस्तीमा बँदेल र नीलगाईले बाली नोक्सान गरेर सताएको भारतीय सीमावर्ती बस्ती सम्सीका मुनेश्वर यादव बताउनुहुन्छ। दिनभरि झाडीमा लुकेर बस्ने बँदेलले मध्यरातपछि बालीनाली नोक्सान गर्ने गरेको यादवको भनाइ छ। बँदेलले रातीमात्र बाली नोक्सान गर्छ। तर ठूलै समूहमा देखिने नीलगाईले भने बस्तीबाट अलि टाढाको खेतका बाली दिउँसै पनि खाएर, माडेर नोक्सान गर्ने गरेका भारतसँग जोडिएको सोनमा गाउँपालिका-३ रघुनाथपुरका रामप्रताप यादव बताउँछन्। नीलगाई चाहिँ मानिसबाट छलिने र बस्तीभन्दा टाढाको उखुघारी र अन्य झाडीमा बस्ने गरे पनि बँदेलले भने र ातिमा बस्तीभित्रै पसेर घरकरेसाका केराका थामसमेत लडाउने गरेको सम्सी गाउँका इम्तियाज अहमद बताउँछन् । नीलगाई मानिसको डरले भाग्ने गरे पनि बँदेल चाहिँ झम्टन आउने गरेपछि खेतबारी डुल्न डर भएको सम्सी गाउँपालिकाको पर्सादेवाड गाउँका बासिन्दा शेष मन्सुरले बताए। बँदेलले प्रत्येक रातजसो फूलकोबी, बन्दाकोबी, भान्टा र मुलासहितका तरकारी सखाप पार्ने गर्छ । जिल्लाको बर्दिबास नगरपालिकाका दक्षिणतर्फका बस्ती मनहरीपुर, पशुपतिनगर, प्रेमनगर, बिजलपुरा र हाथीलेट एवं भङ्गाहा नगरपालिकाका प्रेमनगर, रामनगर, पलार, भुचक्रपुर, राजपुर र धतियाटोलतिर चार/पाँच वर्षदेखि बँदेल अड्डै जमाएर बस्ने गरेका पशुपतिनगरका किसान महेन्द्र महतोको भनाइ छ । बँदेलले त कैयन छिमल बच्चा यतै हुर्काइसकेका रामनगर बस्तीका किसान नारायण दाहाल बताउँछन् । दुम्सी आफ्ना बस्तीमा छ्यासछ्यास्ती देखिने गरेका दाहालको भनाइ छ । नीलगाई र बँदेल जिल्लाका तल्ला बस्तीसम्म देखिए पनि बालीनालीमा उपद्रो मच्चाउने बाँदर भने वन क्षेत्र वरिपरिका बस्तीबाट तल झर्दैन । उत्तरी क्षेत्रका बर्दिवास, हाथीलेट, बेलगाछी, गौरीडाँडा, लक्ष्मीनिंया र खयरमारासहितका बस्तीमा त घरघरै बाँदर पसेर दुःख दिने गरेको छ । वन क्षेत्रमा खानेकुराको अभाव हुनु र शिकारीको चहलपहल बढ्न थालेपछि जङ्गली बँदेल र अन्य जन्तु आहाराको खोजीमा बस्ती/बस्ती पसेका वन्यजन्तुको आनीबानी बुझेका हरुको भनाइ छ ।



# महिला हक्कीमा आर्मी च्याम्पियन

**विजयकुमार साह, ढल्केवर।**

लुम्बिनी प्रदेशलाई पराजित गर्दै नेपाल आर्मीले पाचौं सहाना प्रधान स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगिताको उपाधि जितेको छ । धनुषाको नकटाझिजस्थित हिमालय युवा क्लबको खेल मैदानमा शनिबार सम्पन्न फाइनल खेलमा आर्मीले लुम्बिनी प्रदेशलाई २-१ गोलले हरायो । आर्मीको जितमा सितारमाया बल र सरस्वती तामाङले गोल गर्नुभयो । लुम्बिनीकी अनन्या वर्नवालले एक गोल गर्नुभयो । उपाधिसँगै आर्मीले ७५ हजार र उपविजेता लुम्बिनीले



४० हजार रुपैयाँ पुरस्कार पायो । 'उमन अफ द म्याच' नेपाल आर्मीकी सितामाया बल हुनुभयो । उत्कृष्ट खेलाडीको पुरस्कार लुम्बिनीकी अनन्या वर्नवाल पाउनुभयो । लुम्बिनीकै प्रतिभा सरोजले उत्कृष्ट गोलरक्षकको पुरस्कार पाउनुभयो । सर्वाधिक गोलकर्ताको पुरस्कार नेपाल आर्मीकी कमला चन्द र हिमानी थापाले उत्कृष्ट रक्षकको पुरस्कार पाउनुभयो । उदयीमान खेलाडीको पुरस्कार मधेश प्रदेशकी अन्जनाकुमारी सिंहले पाउनुभयो । उत्कृष्ट सबैलाई जनही पाँच हजार रुपियाँ पुरस्कार प्रदान गरियो । प्रतियोगितामा ६ प्रदेश र आर्मी गरी सात टोलीको सहभागिता रहेको थियो । विजेतालाई मिथिला नगर पालिकाका नगर प्रमुख महेन्द्र महतो लगायतले पुरस्कार प्रदान गर्नुभयो ।



# अधिकारमा दलितको पहुँच हुन सकेन : मन्त्री साह



**दिपक कर्ण, जनकपुरधाम ।**
मधेस प्रदेशका सामाजिक विकासमन्त्री सुरिताकुमारी साहले दलितहरुको अधिकारमा पहुँच हुन नसकेको बताएकी छन् । दलित सरोकार मञ्च नेपाल कञ्चनरुप नगरपालिका-८ सप्तरीको आयोजनामा 'दलित सशक्तीकरण ऐन २०७६ कार्यान्वयनको अवस्था : आगामी दिनमा कार्यपालिका सदस्यहरूको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा मन्त्री साहले सो कुरा बताएकी हुन् । उनले स्थानीय तहहरुमा सरकारले अनिवार्य दलितको सिद्धान्तपछि दलितको पहुँच कार्यपालिकामा भए पनि उनीहरु अधिकारबाट अझै वञ्चित हुन परेको बताइन् । उनले भनिन्, 'वडा कार्यालय वा कार्यपालिकाका बैठकमा सहभागी त हुन्छन्, तर उनीहरुले भनेको कुरा कसैले सुनिदिँदैनन् । कार्यकारी पदमा दलित छैनन्, अनि दलितको कुरा सुनेर पनि नसुनेझैं गरेर बस्छन् । अनि म कहाँ धेरैजना आउनुहुन्छ, म सुझाव दिएर पठाउँछु, तपाईंहरु सही नगर्नुस् तर भत्ताको लोभमा उनीहरु सही गरेर आउँछन्, यस्तो ठूलो विडम्बना छ ।' कार्यक्रममा प्रदेशसभा सदस्य शारदा दास पहाडीले उत्पीडित समुदायलाई सामाजिक बहिष्करणबाट मुक्त गर्न विशेष अधिकारको ग्यारेन्टी हुनुपर्ने बताइन् । उनले भनिन्, 'आरक्षण शासक वर्गको खल्तीमा हुन्छ, सकारात्मक भएको बेला दिन्छ र अलि उसलाई असहज जस्तो भएमा खोस्छ । विशेष अधिकार उत्पीडित समुदायको हातमा हुन्छ, उसले प्रयोग गर्न पाउँछ ।' उनले तत्कालीन नेकपा माओवादीले जनयुद्धका बेलामा मुक्तिको लागि विशेषाधिकारको अवधारणा अगाडि सारेको समेत बताइन् । विशेषाधिकार राजनीतिकसँग र आरक्षण सामाजसँग जोडिएको बताउँदै आरक्षण संसार बाट असफल भइसकेकोले अब विशेष अधिकारमा जानुपर्ने उनको भनाइ थियो । कार्यकारी निर्देशक भोला पासमानले दलितले अधिकार नखोजेसम्म अधिकार नपाइने भएकाले संगठित रुपमा संघर्ष गर्नुको विकल्प नभएको बताए । राजनीतिक पार्टीका नेताहरुले सत्तामा पुग्न दलित मुक्तिका नारा लगाउने, तर सत्तामा पुगेपछि आफैले लगाएका नारा नै भुल्ने गरेको बताए । कार्यक्रममा दलित समुदायको अधिकार, तथ्यमा आधारित पैरवी, सहभागितामूलक कार्यप्रणालीलगायतको विषयमा छलफल भएको थियो ।

**दलित समुदायको अधिकार सम्बन्धी व्यवस्था पुस्तिका विमोचन**

मन्त्री साहले दलित सरोकार मञ्च नेपालले प्रकाशन गरेको दलित समुदायको अधिकारसम्बन्धी व्यवस्था पुस्तिका पनि विमोचन गरेकी छन् । भोला पासवानले तयार गरेको उक्त पुस्तिकामा नेपालको संविधान विभिन्न ऐन कानुन नियमावली, कार्यविधिमा दलित अधिकार सम्बन्धी व्यवस्थाहरु समेटिएको छ । कार्यक्रममा मधेस प्रदेशसभामा निर्वाचित दलित समुदायका प्रदेशसभा सदस्यहरु रञ्जुकुमारी मण्डल खंग, सकुतीदेवी महारा, निलमकुमारी रजक, पल्टीदेवी महरा र शारदा दास (पहाडी)लाई मञ्चका निर्देशक पासवानले सम्मान गरेका थिए भने कार्यक्रममा स्वागत मन्तव्य मञ्चका कार्यक्रम संयोजक सुनिलकुमार सरवरियाले गरेका थिए ।

# एमाले निकट विद्युत् कर्मचारी युनियन मधेस प्रदेशको अध्यक्षमा यादव




**टक नेपाल, जनकपुरधाम ।**
नेकपा (एमाले) निकट नेपाल विद्युत् प्राधिकरण कर्मचारी युनियन मधेस प्रदेश कमिटीको अध्यक्षमा अजयकुमार राय यादव निर्वाचित हुनुभएको छ । जनकपुरधाममा सम्पन्न युनियनको ११औं अधिवेशनले मधेस प्रदेशका आठ वटै जिल्लाको प्रतिनिधित्व हुने गरी १७ सदस्यीय प्रदेश कार्यसमिति चयन गरेको हो । समितिको उपाध्यक्षमा सत्यन्दर ठाकुर, सचिवमा मुकेश गोइत, उपसचिवमा उपेन्द्र पासवान र कोषाध्यक्षमा सिवना राई यादवलाई सर्वसम्मत चयन गरिएको समितिका नवनिर्वाचित अध्यक्ष अजयकुमार रायले जानकारी दिनुभयो । शुक्रबार नेकपा (एमाले) का उपाध्यक्ष एवं पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले अधिवेशनको उद्धाटन गर्नुभएको थियो । उद्धाटन सत्रमा युनियनका केन्द्रीय संयोजक रामकुमार थेवे, मधेस प्रदेशका गृह तथा सञ्चारमन्त्री सत्रुधन प्रसाद सिह, भौतिक पूर्वाधारमन्त्री सरोज यादव र नेकपा एमाले मधेस प्रदेश सहइञ्चार्ज एवं पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेलले सम्बोधन गर्नुभएको थियो भने अधिवेशनमा करिब दुईसय ५० जना प्रतिनिधिको सहभागिता रहेको अधिवेशन आयोजक समितिले जनाएको छ ।

# मधेस प्रदेशसभा बैठक फागुन २ गते बस्ने



**टक नेपाल, जनकपुरधाम ।**
मधेस प्रदेशको प्रदेशसभा बैठक आगामी फागुन २ गतेका लागि आह्वान गरिएको छ । सभामुख रामचन्द्र मण्डलले आगामी फागुन २ गते मंगलबार दिउँसो २ बजेका लागि बैठक आह्वान गरेको प्रदेश सभा सचिवालयले जनाएको छ । माघ ४ गते मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत लिएपछि बैठक अनिश्चितकालका लागि स्थगित भएको थियो।




"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौ ।"

LIVER FUNCTION TEST
- Bilubine Total / Direct
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- STOOL R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETES PACKAGE
- URINE R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose /F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा. लि.
बर्दिवास-१४, औरहीरोड सम्पर्क: ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स: ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुलसा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldally@gmail.com